बैठक संख्या : ८७

मिती : २०७८।०१।०५ गते

स्थान : राप्ती नगरपालिका

समय : विहान ८: ०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा बराल (पौडेल) ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**उपस्थिति**

नगरप्रमुख श्री प्रभा बराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमशेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

का.वा. वडाध्यक्ष वडा नं. ११ श्री कृष्ण बहादुर लामा

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुँवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

प्रमुख प्रशासकीय अधिकृत श्री गंगा बहादुर भुजेल सदस्य सचिव

आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत श्री गोपाल तिवारी

अधिकृत छैठौ श्री सारदा देवी शर्मा

क.अ. श्री रमेश चौधरी

मिति २०७८।०१।०५

बैठक संख्या: ८७

प्रस्तावहरु

१. आ.व.०७८।७९ को लागि प्रदेशको नीति तथा कार्यक्रममा आवश्यक सुझाव सम्वन्धमा ।

२. बालकोष स्थापना, बालमैत्री नगर घोषणा एवं बाल कल्याण अधिकारी तोक्ने सम्वन्धमा ।

३. आन्तरिक नियन्त्रण कार्यविधि सम्बन्धमा ।

४. झोलुङ्गे पुलको माग सम्वन्धमा ।

५. रिकिसिलाई मेसिन खरिद अनुमति दिने सम्वन्धमा ।

६. घटना दर्ता सिविर सञ्चालन सम्वन्धमा ।

७. स्वमूल्याङ्कनको नतिजा स्वीकृत सम्वन्धमा ।

८. औद्योगिक राहात कोष सम्वन्धमा ।

९. भण्डारा अस्पतालका डाक्टरहरुको सेवा करार म्याद थप सम्वन्धमा ।

१०. नगर सभा हलको प्रथम भेरियसन सम्बन्धमा ।

११. वडा नं. ६ को निर्माणाधीन वडा कार्यालय भवनको म्याद थप सम्बन्धमा ।

१२. वडा नं. ११ को निर्माणाधीन वडा कार्यालय भवनको म्याद थप सम्बन्धमा ।

१३. उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको म्याद थप सम्बन्धमा ।

१४. शोक प्रस्ताव सम्बन्धमा ।

१५. विविध फाइल सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं. १

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बागमती प्रदेश हेटौंडा मकवानपुरको मिति २०७७।१२।१२ च.नं. १४८७ को पत्रमार्फत आर्थिक बर्ष २०७८।७९ को बार्षिक नीति तथा कार्यक्रम तर्जुमाको लागि आवश्यक सुझावहरु माग भइ आएकोले सो सम्वन्धमा तपसिलमा उल्लेखित बुदाँहरुमा सुझाव प्रदान गर्ने निर्णय गरियो ।

- कम आन्तरिक आय हुने पालिकाले समपुरक योजनामा ५० प्रतिशत साझेदारी गर्न कठिन हुने भएकोले ३० प्रतिशत कायम हुनुपर्ने ।
- विद्युतिकरणको कार्य विद्युत प्राधिकरणको ल.ई र समन्वयमा गर्नुपर्ने हुदाँ सोही बर्ष कार्य सम्पन्न भई योजना फर्छ्यौटमा समस्या देखिएकोले सम्बन्धित विद्युत प्राथमिकरण मार्फत गर्न उपयुक्त हुने हुदाँ सोझै प्राधिकरणलाई बजेट उपल्ब्ध हुने व्यवस्था गर्नुपर्ने ।
- कतिपय योजनामा उपभोक्ताको ५० प्रतिशत साझेदारी रहेकोमा योजनाबाट उपभोक्ताले तत्काल प्रतिफल प्राप्त नगर्ने हुदाँ साझेदारी गर्न नसक्ने अवस्था रहेकोले त्यस्ता योजनामा साझेदारीको रकम व्यहोर्न सक्ने नसक्ने स्पष्ट गर्नुपर्ने देखिएको ।
- ECD का शिक्षकहरुको पारिश्रमिक श्रम ऐन भित्र नरहेको र बालशिक्षक माथी अन्याय भएकाले पारिश्रमीक बढाउनुपर्ने नीति बनाउनुपर्ने ।
- हाल पठाइएको विद्यालय नर्स कोटालाइ निरन्तरता राख्दै बाकी सबै पालिकाका निमावि र मा.वि मा विद्यालय नर्स राख्नुपर्ने नीति बनाउनुपर्ने ।
- प्रदेश सरकारले नेपाल सरकारले निर्णय गरिएको ५,१० र १५ शैयाको अस्पतालको लागी डाक्टर लगाएत आवश्यक स्वास्थ्यकर्मीको व्यवस्था गर्नुपर्ने नीति बनाउने ।
- सबै खहरे खोलाहरुको नदी उकासको कार्यक्रम ल्याएर नदी करिडोरको योजना बनाउने नीति तय गर्ने ।
- हिसांमा परेका महिलाहरुलाई संरक्षण दिनका लागि प्रत्येक नगरपालिकामा एउटा संरक्षण केन्द्र (आश्रय गृह) बनाउने नीति बनाउने ।
- प्रदेशबाट सकेसम्म ठुला-ठुला योजनामात्र संचालन गरी बजेटलाई प्रदेश स्तरको ठुला योजना बनाउने नीति तय गर्ने ।

<u>निर्णय नं. २</u>

रासी नगरपालिकाभित्र रहेका वेवारिसे बालबालिकाको संरक्षण, बाल अधिकार सुनिश्चित तथा बाल मैत्री शासन नगर स्थापना गर्ने प्रयोजनार्थ तपसिल बमोजिमको रकमहरु रहने गरी एक वालकोष स्थापना गर्ने निर्णय गरियो ।

क) रासी नगरपालिकाले प्रत्येक बर्ष बालबालिकाको क्षेत्रमा लगानी गर्ने उद्देश्यले बिनियोजन गरिएको रकम ।

ख) संघ तथा प्रदेश सरकार बाट सोही क्षेत्रमा प्राप्त भएको रकम।

ग) विभिन्न संघ संस्था NGO INGO द्वारा बालबालिकाको क्षेत्रमा विकास गर्ने उद्देश्यले सहयोग गरिएको रकम ।

घ) बालकोषमा सहयोग गर्ने इच्छूक जुनसुकै ब्यक्ति, संस्था वा कम्पनि बाट प्राप्त रकम ।

साथै नगरपालिकाले बालकोष स्थापना गर्न रु ५ लाख रकम बालकोषमा जम्मा गरी स्थापना गर्ने र नगरपालिकालाइ बालमैत्री नगर घोषणा गर्न सो सम्वन्धि कार्यविधि कानुन तत्काल बनाई क्रमश बालमैत्री वडा घोषणा गर्दै सम्रग नगरपालिकानै बालमैत्री बनाउन प्रयासरत रहने, साथै बालबालिकाको विकास उत्थान र सो क्षेत्रमा आवश्यक समन्वय र सहजिकरण गर्न नगरपालिकाको महिला बालबालिका तथा जेष्ठ नागरिक कल्याण शाखाको प्रमुख लाई बाल कल्याण अधिकारीको रुपमा तोक्ने निर्णय गरियो ।

<u>निर्णय नं. ३</u>

रासी नगरपालिकामा हुने सम्पुर्ण आर्थिक तथा वित्तिय कारोबार लाइ चुस्त दुरुस्त कायम गर्दै वित्तिय पार्दर्शिता, मित्वय्यिता र वित्तिय अनुसासन कायम गर्न संघ र प्रदेश कानुनसंघ नबाझिने गरी आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा आन्तरिक नियन्त्रण कार्यविधि लगायत अन्य अति आवश्यक कार्यविधिहरु बनाई अर्को कार्यपालिका वैठकमा छलफलका लागि पेश गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ४</u>

सहभागी संस्थाको केन्द्रिय कार्यालय रत्ननगर चितवन को मिति २०७७।१२।१९ च.नं.१०८ को पत्रमार्फत कार्यालयको झोलुङ्गे पुल रणनीति २०६२ अनुसार छोटो तडीका झोलुङ्गे पुल निर्माण गर्न समुदायस्तरबाट माग भइ गएका तपसिल बमोजिमका झोलुङ्गे पुल निर्माण गर्न प्राथमिकता क्रम अनुसार सूची माग भएकोमा देहाय बमोजिकको प्राथमिकता क्रम रहने गरी उल्लेखित स्थानहरुमा झोलुङ्गे पुल निर्माणका लागि सर्भे डिजाइन स्टिमेट तयार पार्न कार्यदिश दिने निर्णय गरियो ।

| क्र. सं. | पुलको नाम | खोलाको नाम | दायाँ तर्फ | बाँया तर्फ | अनुमानित लम्बाई मि. |
|---|---|---|---|---|---|
| १ | रस्यौली सिहिपुरपुल | लदरी खोला | वडा नं. ९ | | |
| २ | नागदह झोलुङ्गे पुल | नागँदह खोला | वडा नं. ५ | | |
| ३ | भानखुमपुल | मानखुमखोला | | | |
| ४ | मार्ताल खोला | मार्ताल खोला | वडा नं. ३ | वडा नं. ११ | |
| ५ | च्यातराङ्ग खोला | | वडा नं.८ | वडा नं. ९ | |
| ६ | बाङसिराङ्ग खोला | वाङ्गसीराङ्ग खोला | वडा नं. ११ | | |
| ७ | च्यात्रा खोला | च्यात्रा खोला | वडा नं.८ | | |
| ८. | किरनटार धारापानी | पम्पाखोला | किरनटार | धारापानी | |
| ९. | च्यूरीखोला पूल | च्यूरीखोला | रासी ११ | | ८० |
| १० | गंगोर खोला पूल | गंगोरखोला | रासी ११ | | १०० |
| ११. | लोथर खोला | लोथर खोला | वडा नं.१ | | |
| १२ | थाकलटार रातापहरा | पम्फा खोला | वडा नं. १ | | |
| १३ | उपामराङ्ग स्यासिपुकखोला | | वडा १२ | | |

**निर्णय नं. ५**

रासी नगरपालिकाभित्र उत्पादन भएका सबै प्रकारका फोहरमैलाको व्यवस्थापन गर्न यस अघि नै रासी नगरपालिका र रिकिसि संस्थाबीच सम्झौता भएकोमा मुल सम्झौतालाइ असर नगर्ने नकुहिने तथा प्रयोगमा आउन नसक्ने फोहोरको व्यवस्थापनको लागि ल्याडफिल्ड साइटको समेत अभाव रहेकोले त्यस्तो प्रकारको फोहोरलाइ डिस्पोज गर्ने मेसिन खरिद गर्ने साथै मेसिन खरिदको कुल लागतमा रिकिसिले ५० प्रतिशत सहयोग गर्ने गरी मेसिन खरिद गरी ल्याउने जिम्मा रिकिसिलाई दिने निर्णय गरियो । आधिकारिक विल भरपाई कागजपत्र बमोजिम कुल लागतको ५० प्रतिशत रकम पालिकाले भुक्तान गर्ने ।मेसिनको Maturity period अध्ययन गरी आधा मुल्य भुक्तानि दिइने छ। कुनै कारणले रिकिसी सो कार्यबाट अलग भएमा उक्त मेसिनका सम्बन्धमा कुनै प्रकारको दाबी गर्न नपाउने । यस सम्बन्धमा रिकिसीसँग फरक सम्झौता गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

मानिसको जिवनमा घटने व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाइसराई, सम्वन्ध विच्छेद) को दर्ता अपरिहार्य र अनिवार्य गर्नुपर्ने भएकोले सोको दर्ता गरी तथ्याङ्क संकलन गर्न र यस पश्चात सबै प्रकारका घटना दर्ता नियमित र सबै नागरिकको पहुचँमा पुऱ्याउने उद्देश्यले नगरक्षेत्रभित्रका सवै वडा हरुमा गएर कोहि नछुट्न कोहि नदोरिहुन भन्ने मुल नाराका साथ व्यक्तिगत घटना दर्ता सिविर सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२६ च.नं. ३९८ पत्रमार्फत स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन कार्यविधि २०७७ को आधारमा राप्ती नगरपालिकामा गरिएको स्वमुल्याङ्कनमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रयोगमा ल्याएको सफ्ट्वेयर (वेव पोर्टलमा) मा इन्ट्री गर्दा कुल १०० अङ्क मध्ये जम्मा ७६.७५ अङ्क प्राप्त गरिएको हुदाँ सो नतिजा स्वीकृत गरी सार्वजनिकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

विभिन्न कारणले उद्योगमा हुने अप्रत्यासित हानी नोक्सानीबाट औधोगिक क्षेत्रमा संरक्षण गर्न चितवन उद्योग संघले राहातकोषको स्थापना गर्न सहयोग गर्न अनुरोध गरी सो बमोजिम राप्ती नगरपालिका चितवन र चितवन उद्योग संघको समझदारी पत्रमा हस्ताक्षर भएको प्रस्ताव बमोजिम औधोगिक राहत कोषको लागि रु ५,००,००० (पाँच लाख) आन्तरिक श्रोत बाट प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्तावित १० शैय्याको भण्डारा अस्पतालमा कार्यरत मेडिकल अफिसर (डा. विक्रम सिम्खडा र डा. सुजन पुन) को सेवा करार म्याद यही चैत्र मसान्तमा सकिएको साथै निजहरुबाट पुनः सोही पदमा सेवा करार गरी पाउँ भनी निवेदन पेश हुन आएको र अस्पतालमा डाक्टरहरुको आवश्यकता दिनप्रतिदिन बढ्दै गएको हुदाँ सोही पदमा रही साविक बमोजिमकै सेवा सुविधा पाउने गरी पुन २०७८।०१।०१ गते देखि असार मसान्त सम्म सेवा करार गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

राप्ती नगरपालिकाको नगर सभा हल निर्माण गर्न बोलपत्र आह्वान भई उक्त कार्य गर्न मिति २०७७।०६।०८ गते महाकालीदेवी कन्स्ट्रक्सन प्रा.लि.सँग सम्झौता भई कार्य प्रारम्भ गरिएकोमा पहिला लागत अनुमान तयार गर्दा छनौट भएको निर्माण स्थल र हाल निर्माण भएको

स्थल फरक भएकोले निर्माण चरणमा विभिन्न आइटमहरुको परिमाण थपघट गर्नु परेको हुनाले विभिन्न आइटमहरुको परिमाण थपघट गरी कार्य सम्पन्न गर्न प्रथम भेरियसन बमोजिम १७.१९% हुन आउने भएकोले पहिला सम्झौता भएको रकम रु. ९७,३३,०४४।०५ (भ्याट बाहेक) मा रु. १६,७२,९४५।२२ रकम थप भई प्रथम भेरियसन सम्झौता रकम रु.१,१४,०५,९८९।३४ हुने गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ १(घ) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८(१) र (२) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम उक्त प्रथम भेरियसन (VO-1) स्वीकृत गरी कार्य अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ११

रासी नगरपालिका वडा नं. ६ को वडा कार्यालय भवन निर्माण गर्न बोलपत्र आह्वान भई उक्त कार्य गर्न मिति २०७६।१०।२३ गते सम्झौता भई २०७७।०७।२३ गते सम्म ९ महिनामा सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएकोमा उक्त अवधिमा विश्वव्यापी महामारी कोरोना भाइरसले आक्रान्त पारेको हुनाले सो समयमा सम्झौता बमोजिम कार्य सम्पन्न हुने अवस्था नरहेकोले यस कार्यालयको मिति २०७७।०७।०३ को स्वीकृत टिप्पणी बमोजिम र नेपाल सरकारको मिति २०७७।०३।२९ को निर्णय बमोजिम उक्त आयोजनाको म्याद ६ महिना थप गरी २०७८।०१।२३ सम्म सम्पन्न गर्ने गरी समय थप गरिएकोमा हाल पूनः विश्वव्यापी कोरोना भाइरसको दोस्रो लहरले नेपाल पूनः आक्रान्तमा परेको हुँदा कामदार र सामाग्री बजारमा सहज रुपमा उपलब्ध हुन नसकी समयमा ठेक्का सम्पन्न हुन नसक्ने भनी निर्माण व्यवसायी जी अर्थ डिजाइनर्स एण्ड डेभलपर्स प्रा.लि.ले पुनः मिति २०७७।१२।०३ को पत्र बमोजिम म्याद थपका लागि पत्र दर्ता गराएकोले सो सम्बन्धमा छलफल गर्दा म्याद थप उचित नै देखिएकोले दोस्रो पटकका लागि मिति २०७७।०३।२३ सम्म ३ महिनाका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ (२) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० बमोजिम म्याद थप गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

रासी नगरपालिका वडा नं. ११ को वडा कार्यालय भवन निर्माण गर्न बोलपत्र आह्वान भई उक्त कार्य गर्न मिति २०७६।१०।२३ गते श्रीखण्डपुर निर्माण सेवासँग मिति २०७७।०७।२३ गते सम्म ९ महिनामा सम्पन्न गर्ने गरी सम्झौता गरिएकोमा सो अवधिमा विश्वव्यापी महामारी कोरोना भाइरसले गर्दा नेपाल सरकारले जारी गरेको देशव्यापी लकडाउनका कारण समयमा सम्पन्न हुन नसक्ने देखी यस कार्यालयको मिति २०७७।०७।२१ को निर्णय बमोजिम मिति

२०७७।१२।२३ सम्म प्रथम पटक ५ महिना म्याद थप गरिएकोमा हाल पुनः विश्वव्यापी महामारी कोरोना भाइरसको दोस्रो लहरले गर्दा श्रमिक तथा सामाग्रीहरुको बजारमा सहज उपलब्धता नभएकोले निर्माण व्यवसायीले दोस्रो पटकका लागि मिति २०७८।०३।२३ सम्म ३ महिनाको लागि म्याद थप माग गरेको हुनाले उक्त विषयमा छलफल गर्दा कोरोना भाइरसका कारण उक्त आयोजना समयमा सम्पन्न नहुने अवस्था बुझ्न आएकोले दोस्रो पटकका लागि मिति २०७८।०३।२३ सम्म ३ महिनाका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ (२) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० बमोजिम म्याद थप गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

राप्ती नगरपालिका अन्तर्गत उपभोक्ताहरुबाट सञ्चालित योजनाहरुको म्याद थपको व्यवस्था कुनै ऐन कानूनमा उल्लेख नभएको र यस नगरको उपभोक्ता समितिको गठन कार्यविधिमा समेत सो व्यवस्था नरहेको सन्दर्भमा हाल विश्वव्यापी कोरोना महामारीको दोस्रो लहरका कारण बजारमा निर्माण सामाग्री एवम् श्रमिकको अभाव भएकोले म्याद थप गरिपाऊँ भनी उपभोक्ता समितिबाट म्याद थपको माग भई आएकोले रु. ५ लाख सम्मका योजनाको लागि डेढ महिना र सो भन्दा बढीको लागि दुई महिना म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

राप्ती नगरपालिका वडा नं. ११ स्थित वडा कार्यालयको भवन ढलान गरी फर्कने क्रममा चिउरी खोला नजिक भएको ट्याक्टर दुर्घटनामा परी मृत्यु भएका समाजसेवी श्री खड्क बहादुर मोक्तान लगाएतका अन्य मृतकहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै सम्पुर्ण मृतकका परिवारजनहरुमा हार्दिक समवेदना व्यक्त गरियो । साथै दुर्घटनामा घाइते भएका विरामीहरुको सिघ्र स्वास्थ्य लाभको कामना गरियो ।

निर्णय नं. १५

फाइल नं. १

राप्ती नगरपालिकाको नगर सभाले मिति २०७७।९।८ गते पारित गरेको नगरस्तरिय खेलकुद सञ्चालन तथा व्यवस्थापन कार्यविधि२०७७ को परिच्छेद ३ दफा ४ को अधिनमा रहेर नगर प्रमुख र उप-प्रमुखको संरक्षकत्व रहने गरी देहायबमोजिमका पदाधिकारी रहने गरी एक खेलकुद समिति गठन गर्ने निर्णय गरियो ।

अध्यक्ष - श्री सोमबहादुर पुन
सदस्य - श्री सामुहिल तमाङ्ग
सदस्य - श्री बुद्धिलाल श्रेष्ठ
सदस्य - श्री दिनेश विशुंखे
सदस्य - श्री मिलन रुम्वा
सदस्य - श्री प्रमोद घरेल
सदस्य - श्री जनु चौधरी
सदस्य - श्री नागेन्द्र अधिकारी
सदस्य - श्री सुब ब. पुन
सदस्य - श्री सुर्य लामा
सदस्य - श्री शम्भु वि.क
सदस्य - श्री रमेश पौडेल
सदस्य - श्री सुदिप गिरी
सदस्य सचिव - श्री शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख वा निजले तोकेको अधिकृत स्तरको एक कर्मचारी ।

फाइल नं. २

राप्ती नगरपालिकामा कार्यरत महिला कर्मचारीहरुलाई प्रसूति बिदा सम्बन्धमा निजामती सेवा नियमावली, २०५० को दफा ५९ बमोजिम ९८ दिनसम्मको प्रसूति विदाको व्यवस्था रहेको र सो विदासम्म पनि स्वास्थ्य अवस्था सुधारोन्मुख नरहेमा थप ६ महिनासम्म बेतलवी विदा लिन पाउने व्यवस्था रहेको भएपनि उक्त विदा कुन निकाय वा अधिकारी बाट स्वीकृत गर्ने भन्ने सम्वन्धमा प्रष्ट व्यवस्था नरहेकोले सो सम्बन्धमा सुत्केरी कर्मचारीको स्वास्थ्य जटिल भएको अवस्था मनासिव देखिएमा कार्यालयको कामको प्रकृति र कर्मचारीको उपलब्धतालाई मध्यनजर गर्दै प्रमुख प्रशासकीय अधिकृतबाट बेतलवी विदा स्वीकृत गर्न सक्ने निर्णय गरियो ।